annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १४७ पृष्ठ ८ | काठमाडौं, मंगलबार ८ असोज २०८१ | आश्विन कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४४ | TUESDAY, SEPTEMBER 24, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## गर्भवती र सुत्केरीलाई हवाई सेवा

# उस्तै पालिकामा सेवा, उस्तैमा बञ्चित


सरकारले दुर्गम क्षेत्रमा जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूका लागि सञ्चालन गरेको हवाई सेवाबाट ६ वर्षको अवधिमा देशभरका ७ सय ५१ जना महिलाले सेवा पाएका छन्। तर, यो कार्यक्रम निश्चित जिल्ला र पालिका विशेष सञ्चालन गरिँदा कतिपय गाउँका महिलाहरू सेवाबाट बञ्चित हुनुपरेको छ। आर्थिक अवस्था कमजोर भएका महिलाहरू छिटो स्वास्थ्य सेवा नपाउँदा पटक-पटक मृत्युको मुखमा पुग्नुपर्ने बाध्यतामा छन्। हाल देशभरका १९ वटा जिल्लामा पूर्ण र २९ वटा जिल्लामा आंशिक रूपमा मात्र यो कार्यक्रम लागू भएको छ।


समाचार पृष्ठ २

केशरराज क्षेत्री/गंगा खड्का | *बुटवल*

– को रिपोर्ट






## एसईईको पूरकमा पनि ५६.७८ प्रतिशत उत्तीर्ण

**काठमाडौं** (अन्नपूर्ण): माध्यमिक शिक्षा परीक्षा (एसईई)को ग्रेड वृद्धि(पूरक) परीक्षामा १ लाख १९ हजार चार सय २५ जना ग्रेड (पास) भएका छन्। यो ५६.७८ प्रतिशत हो। २ लाख १० हजार तीन २१ जनाले परीक्षा दिएको थिए। राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले सोमबार परीक्षाफल प्रकाशन गरेको हो।

२०८० मा सञ्चालित एसईई कक्षा १० को पूरक परीक्षाको परीक्षाफल प्रकाशित गरेको हो। यो परीक्षा २०८१ साउन २३ देखि ३१ सम्म सञ्चालन भएको थियो। परीक्षा नियन्त्रक कार्यालयका अनुसार ननग्रेड र

अनुपस्थित विद्यार्थी ९० हजार ८ सय ८८ जना छन्। कार्यालयले ८ जनाको उत्तरपुस्तिका रद्द गरेको छ। ३.६१ देखि ४ जीपीए ल्याउने १८ जना छन्। जीपीए १.६ देखि २.० ल्याउने ६४ जना, जीपीए २.०१ देखि २.४ ल्याउने १९ हजार ४ सय ९६ जना, जीपीए २.४१ देखि २.८० ल्याउने ७४ हजार ४ सय ६ जन छन्। जीपीए २.८१ देखि ३.० ल्याउने २३ हजार ६ सय २३ जना छन्। त्यस्तै जीपीए ३.१ देखि ३.६ ल्याउने १ हजार ५ सय १८ जना छन्।

» बाँकी पृष्ठ ६

मेलम्ची खानेपानीमा भ्रष्टाचार

## तत्कालीन सचिव ठाकुरसहित ३ जनालाई ८ वर्ष कैद

**दिनेश गौतम** | *काठमाडौं*

विशेष अदालतले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार भएको ठहर गर्दै मेलम्ची खानेपानी विकास समितिका तत्कालीन अध्यक्ष एवं खानेपानी मन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुरलाई ८ वर्ष १ महिना कैद र जरिवाना तोकेको छ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले ठाकुरलाई ८ वर्ष र थप एक महिना कैद र बिगो बराबर जरिवाना सुनाएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार सार्वजनिक सम्पत्ति हिनामिना गरेको कसुरमा ठाकुरलाई १० करोड १० लाख ६१ हजार ७५ रुपैयाँ बिगो थियो। ठाकुरलाई थप एक महिना कैद हुने र बिगो असुलउपर गर्ने सजाय निर्धारण भएको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए।

सरकारको विशिष्ठ श्रेणीमा कार्यरत भएकाले ठाकुरलाई दफा २४ बमोजिम एक महिना थप सजाय भएको अदालतले जनाएको छ। अदालतले ठाकुरलाई सरह मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशकद्वय सूर्यराज कँडेल र रामचन्द्र देवकोटालाई पनि कैद र जरिवाना तोकेको छ। बिगो असुल गरी त्यति नै जरिवाना र सजाय निर्धारण गरेको छ।

गत भदौ २४ गते विशेष अदालतले कसुर ठहर गरेको थियो। सजाय निर्धारण भने सोमबार गरेको हो। समितिका तत्कालीन कार्यकारी निर्देशक कँडेलसँग १० करोड १० लाख ६१ हजार ७५ रुपैयाँ ७७ पैसा बिगो असुलउपर गर्नुपर्ने निर्णय अदालतले गरेको छ। उनलाई पनि थप एक महिना कैद सजाय निर्धारण गरेको छ।

त्यस्तै समितिका तत्कालीन कार्यकारी निर्देशक देवकोटालाई पनि ८ वर्ष कैद र बिगो बराबर जरिवाना हुने ठहर गरेको छ। उनलाई पनि थप एक महिना कैद र बिगो असुल गर्नुपर्ने फैसला भएको छ। उनलाई बिगो २ करोड ९५ लाख ६५ हजार ६ सय ३ रुपैयाँ ८० पैसा कायम भएको थियो।


» बाँकी पृष्ठ ६

# ओली–मोदी सम्बन्ध सुधारको कोसेढुंगा बन्न सक्छ महासभा बैठक

### परराष्ट्रमन्त्री भन्छिन्, 'मोदीजी छिट्टै नेपाल आउनुहुन्छ'

**अनिल अधिकारी** | *अमेरिका*

यतिबेला संयुक्त राष्ट्रसंघको कुम्भमेला चलिरहेको छ। संसारभरका राष्ट्र प्रमुखहरू अमेरिकाको वित्तीय राजधानी मानिने न्युयोर्कमा छन्। यसै दौरानमा हाम्रो मुलुकका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच द्विपक्षीय भेटवार्ता भएको छ।



स्थानीय समयअनुसार आइतबार साँझ करिब ६ बजेतिर भएको भेटघाट द्विपक्षीय भेटघाटले नेपाल र भारतका बीचमा सदियौंदेखि रहिआएको सम्बन्धलाई थप उचाइ दिन सार्थक हुने बताइएको छ। भेटघाटपछि प्रधानमन्त्री केपी शर्मा ओलीले भेटघाट राम्रो भएको संक्षिप्त प्रतिक्रिया दिएका छन्। साथै नेपाल भारतबीचमा द्विपक्षीय संयन्त्रहरूलाई सक्रिय बनाएर तमाम समस्याहरूलाई समाधान गर्ने सहमतिसमेत भएको छ। प्रधानमन्त्री ओली र भारतीय सकमक्षीबीचको यो भेटघाटको मेलोले साझा हितको विषयले प्राथमिकता पाएको छ। भेटमा सहभागी रहेकी परराष्ट्रमन्त्री आरजु राणा देउवाले भारतीय प्रधानमन्त्री मोदी छिट्टै नेपाल भ्रमणमा आउने जानकारी दिएकी छन्। यसरी हेर्दा ओली प्रधानमन्त्री रहेकै बखत भारतीय प्रधानमन्त्री मोदी नेपाल भ्रमणमा आउन सक्ने देखिन्छ।

पत्रकार किशोर पन्थी भन्छन्, 'महासभा बैठकका बेला भएको भेटघाटले दुवै देशको सम्बन्ध र नेताहरूको सम्बन्धसमेत सुधार हुने देख्छु।' स्थानीय समयअनुसार आइतबार साँझ दुई देशका प्रधानमन्त्रीबीच करिब आधा घण्टा भेटघाट भएको थियो। भेटका लागि प्रधानमन्त्री ओली परराष्ट्रमन्त्री राणा, आफ्ना राजनीतिक सल्लाहकार विष्णु रिमाल, परराष्ट्र सचिव सेवा लम्साल, स्थायी नियोग प्रमुख लोकबहादुर थापा, परराष्ट्र सहसचिव अमृतकुमार राईसहित पुगेका थिए। चौथोपटक प्रधानमन्त्री भएपछि ओलीको मोदीसँगको यो पहिलो भेटघाट हो।

